नेपाल सेनेटरी प्याड तथा डाइपर उत्पादक संघ
NSPDMA Nepal Sanitary Pad and Diaper Manufacturers Association
Kathmandu, Nepal | Mob : 9858424012 | E-mail: nepalsntp@gmail.com

मिति:२०८१/०४/१०

सम्माननीय प्रधानमन्त्रि ज्यू
सिंह दरवार,
काठमाडौं

विषयः स्यानिटरी प्याड र डाइपर उद्योगको संरक्षण सम्वन्धमा ।

महोदय,

नेपालमा स्यानिटरी प्याड र डाइपर उद्योगको अवस्था, तिनको आयात प्रतिस्थापन, औद्योगिकीकरण र रोजगारीमा गरेको योगदान तथा यो उद्योगको दिगोपनका लागि अपेक्षित नीतिगत प्रबन्धका विषयमा लेख्दैछौं ।
यो संघले गरेको अध्ययन अनुसार नेपालमा साना र ठूला गरी ३० वटा स्यानिटरी प्याड तथा डाइपर उद्योग सञ्चालनमा छन् । जसमा २५ वटा जति साना र ५ वटा ठूला उद्योग छन् । ठूला लगानीकर्ताले मात्रै यस उद्योगमा ६०० करोड रुपैयाँभन्दा बढी लगानी गरेका छन् ।
रोजगारीका हिसाबले स्वदेशमा सञ्चालित यी उद्योगले ५००० महिला र १००० पुरुष गरी ६००० जनालाई प्रंत्यक्ष रोजगारी दिएका छन् । वार्षिक १५ करोड रुपैयाँ वरावरको विद्युत् खपत गरिरहेका छन् । अनुकूल वातावरण सिर्जना गरी यी उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्न सके ८००० महिला र २००० पुरुषले यसमा रोजगारी पाउनेछन् ।
स्वदेशमा सञ्चालित उद्योगको दैनिक उत्पादन क्षमता ६७ लाख २० हजार थान छ । यसको दढदैनिक माग १५ लाख थान छ । नेपालको कुल जनसंख्या २ करोड ९१ लाखमा ५१% महिला ( १ करोड ४८ लाख) छन् । कुल महिलामध्ये महिनावारी हुने उमेर समूह १४-५४ वर्षका महिलाको संख्या ९४ लाख छ । १४-५४ वर्ष उमेर समूहबाट दैनिक २ लाख ९० हजार महिला महिनावारी हुन्छन् । उक्त संख्याको लागि दैनिक १५ लाख थान स्यानिटरी प्याड आवश्यक पर्छ।

यो तथ्यांकले यी उद्योगले स्यानिटरी प्याड र डाइपरमा मुलुकलाई आत्मनिर्भर बनाइसकेको देखाउँछ । लागत घटाउन सके ठूलो परिमाणमा निकासी गरी व्यापार घाटा न्यूनीकरणमा योगदान गर्न सक्ने सामर्थ्य स्वदेशी उद्योगसँग छ ।

अहिले राजस्वमा यस उद्योगको योगदान वार्षिक ५० करोड रुपैयाँ वरावर छ । पूर्ण क्षमतामा सञ्चालन भए आगामी पाँच वर्षमा यो उद्योगले आयकर र मूल्य अभिवृद्धिकरको रुपमा राजस्वमा १५० करोड रुपैयाँ वरावर योगदान गर्न सक्ने अध्ययनले देखाएको छ । स्यानिटरी प्याड तथा डाइपर उद्योगको अवस्था, उत्पादन क्षमता, यसले गर्ने विद्युत् खपत, आयात प्रतिस्थापन र रोजगारीमा योगदान तथा भावी सम्भावनासम्बन्धी प्रस्ट तस्विरका लागि यससम्बन्धी संक्षिप्त तथ्यांक छुट्टै पानामा संलग्न राखी पेस गरेका छौं ।

आयात प्रतिस्थापन, विद्युत् खपत, रोजगारी र राजस्वमा स्यानिटरी प्याड तथा डाइपर उद्योगको योगदान उल्लेखनीय रहे पनि नीतिगत प्रबन्धहरु उद्योगमैत्री छैनन् । तिनलाई निम्नानुसार प्रस्ट पार्न चाहन्छौः

१. स्यानिटरी प्याडको कच्चा पदार्थ आयात गर्दा भन्सार महसुल र अन्तःशुल्क गरी औसत १४ प्रतिशत कर लाग्छ । तयारी वस्तु ५ प्रतिशत मात्र भन्सार तिरेर आयात गर्न पाइन्छ । तयारी स्यानिटरी प्याडमा १५ प्रतिशत भन्सार लाग्ने व्यवस्था भए पनि चालू आर्थिक वर्ष २०७९/८० को आर्थिक ऐनमार्फत उक्त १५ प्रतिशत भन्सार महसुलमा ९० प्रतिशत छुट दिइएकोले १.५ प्रतिशत मात्र तिरेर आयात गर्न पाइने स्थिति बनेको हो । फलस्वरुप स्वदेशी उत्पादनको तुलनामा आयातित वस्तु सस्तो हुन गई स्वदशी उत्पादन बिक्री नहुने स्थिति छ।

२. भन्सार महसुलमा दिइएको छुटकै कारण स्यानिटरी प्याड आयात बढेर चालू आर्थिक वर्षमा २०० करोड रुपैयाँ पुग्ने देखिएको छ । भन्सार महसुल यथावत रहे आर्थिक वर्ष २०८४/८५ मा यसको आयात बढेर ७५० करोड पुग्ने अध्ययनले देखाएको छ ।

३. स्यानिटरी प्याड आयात गर्दा गुणस्तर जाँच नहुने, प्याकेटमा उत्पादकको नाम उल्लेख नहुने र अधिकतम खुद्रा मूल्य समेत उल्लेख नहुने हुँदा गुणस्तरहीन प्याड आयात भई जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने र आम उपभोक्ता ठगिने जोखिम समेत छ ।

४. विदेशबाट स्यानिटरी प्याड र डाइपर आयात गर्दा न्यून बिजकीकरण भई सरकारले पाउनुपर्ने राजस्व छलिने जोखिम उच्च हुन्छ ।

यो सन्दर्भमा स्वदेशी स्यानिटरी प्याड तथा डाइपर उद्योगलाई जोगाएर अर्थतन्त्रमा यसको योगदान बढाउन, निर्यात सम्भावनाको लाभ लिन तथा स्वदेशी उद्योगीको मनोबल उकास्न यो संघ देहायअनुसार नीतिगत प्रबन्धको माग गर्दछः

क) स्यानिटरी प्याड उद्योगले उत्पादित वस्तु बिक्री गर्दा संकलन गरेको करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनु पर्ने देखिएको कर बराबर रकम आन्तरिक राजस्व विभागले तोकेको प्रक्रियाबमोजिम सम्बन्धित उद्योगलाई फिर्ता दिने ।

ख) WRAPPER आयातमा लाग्ने २८.५% भन्सार महसुललाई १% कायम गर्ने, ५% अन्तःशुल्क खारेज गर्ने ।

ग) Tissue Paper मा लाग्ने ५% अन्तःशुल्क खारेज गर्ने ।

घ) AIRLAID PAPER मा २०% प्रतिशतको सट्टा १% भन्सार महसुल लगाउने, ५% अन्तःशुल्क खारेज गर्ने ।

ङ) EASY TAPE मा ४०% को सट्टा १% प्रतिशत भन्सार महसुल लगाउने ।

च) SAP PAPER मा २०% को सट्टा १% प्रतिशत भन्सार महसुल लगाउने ।

छ) Glue मा ५% अन्तशुल्क हटाई १ % प्रतिशत भन्सार महसुल लगाउने ।

ज) तयारी वस्तु आयात गर्दा त्यसको प्याकेटमा अनिवार्य नेपाली रुपैयाँमा अधिकतम खुद्रा मूल्य (MRP) उल्लेख गर्ने प्रबन्ध मिलाउने ।

झ) आयातित वस्तुमा अनिवार्य आयातकर्ताको नाम उल्लेख गर्ने व्यवस्था मिलाउने ।

ञ) भन्सार विन्दुमा गुणस्तर परीक्षण गरेर मात्र स्यानिटरी प्याड र डाइपर आयात गर्न दिने ।

ट) आयातित स्यानिटरी प्याडमा २०% भन्सार महसुल लगाउने ।

नेपाल सेनेटरी प्याड तथा डाइपर उत्पादक संघ
Nepal Sanitary Pad and Diaper Manufacturers Association
NSPDMA
Kathmandu, Nepal | Mob : 9858424012 | E-mail: nepalsntp@gmail.com

ठ) आयातित बेबी डाइपरको हकमा ३०% भन्सार महसुल कायम गर्ने ।

सरकारले चार वर्षअघिको बजेटमार्फत सामुदायिक विद्यालयहरुमा निःशुल्क स्यानिटरी प्याड वितरण गर्ने नीति लिएपछि यस उद्योगमा लगानी गर्न स्वदेशी लगानीकर्ता उत्साहित भएका थिए । आर्थिक वर्ष २०७८ /७९ को बजेटमार्फत स्यानिटरी प्याड उत्पादन गर्ने नयाँ उद्योगलाई ५ वर्षसम्म आयकर छुट दिने घोषणा भयो । यी दुवै कदमले लगानीकर्तामाझ सकारात्मक सन्देश प्रवाह गर्‍यो । सरकारले स्यानिटरी प्याड उद्योगमा सकारात्मक सन्देश प्रवाह गरेको एक वर्षमै सोही उद्योगलाई गम्भीर धक्का लाग्ने निर्णय गर्दा सरकारी नीतिहरु स्थिर नहुने सन्देश प्रवाह भयो । त्यसले अल्पकाललाई मात्र नभएर दीर्घकालसम्म लगानीको वातावरण बिगार्ने काम गरेको छ ।

स्वदेशमा उत्पादन हुने वस्तु विदेशबाट आयात गर्दा स्वदेशी उद्योगको कच्चा पदार्थ र तयारी वस्तुमा दुई तहभन्दा बढीको अन्तर हुने गरी भन्सार महसुल लगाउने नीतिलाई सरकारले सैद्धान्तिक रुपमा स्वीकार गरे पनि स्यानिटरी प्याडको हकमा यो लागू भएको छैन । अतः स्वदेशी स्यानिटरी प्याड उद्योगको अर्बौं लगानी डुब्न नदिन र यसको संरक्षणका लागि उल्लेखित सुझाव अनुसारको नीतिगत र कानूनी प्रवन्धका लागि महासंघको तर्फबाट उचित पहलका लागि हार्दिक अनुरोध गर्दछौं ।

भवदीय,

डोलराज अधिकारी
अध्यक्ष